# आकस्मिक कोष नियमावली, २०३१

(मिति २०७६ साल जेठ मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

# आकस्मिक कोष नियमावली, २०३१


नेपाल राजपत्रमा प्रकाशित मिति

संशोधन २०३१।६।२१

आकस्मिक कोष (पहिलो संशोधन) नियमावली, २०७० २०७०।१।३०


आकस्मिक कोष ऐन, २०१६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायकानियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "आकस्मिक कोष नियमावली, २०३१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषयवा प्रङ्गले अर्को अर्थ नलागेमा यो नियमावलीमा,-

(क) "आकस्मि कोष"भन्नाले आकस्मिक कोष ऐन, २०१६ अन्तर्गत स्थापना भएको आकस्मिक कोष सम्झनु पर्छ ।

(ख) "आकस्मिक काम" भन्नाले दैवी प्रकोप वा दुर्घटना वा आन्तरिक वा बाह्य अशान्ति वा खतरा वा यस्तै किसिमको अन्य घटनाबाट उठेको समस्याको निमित्त गर्नु पर्ने काम*वा नेपाल सरकारले आकस्मिक काम भनी तोकेको काम सम्झनु पर्छ ।

(ग) "पेश्की माग गर्ने अधिकारी" भन्नाले कुनै आकस्मिक कामको निमित्त आकस्मिक कोषबाट खर्च गर्न पेश्की रकम माग गर्ने अधिकारी सम्झनु पर्छ ।

३. आकस्मिक कोषको सञ्चालन : (१) कुनै आकस्मिक काममा आकस्मिक कोषबाट खर्च गर्नु भनी*नेपाल सरकार, मन्त्रिपरिषद्ले निकासा दिएमा मात्र आकस्मिक कोषबाट रकम झिकेर खर्च गर्न सकिनेछ ।

(२) आकस्मिक कोषको सञ्चालन अर्थ मन्त्रालयबाट हुनेछ र यसको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूचीमा तोकिएको ढाँचामा अर्थ सचिवले वा निजले तोकेको अन्य कुनै अधिकृतले राख्नेछ ।

४. आकस्मिक कोषबाट खर्चको निकासाको माग : (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्चको निकासाको माग गर्दा पेश्की माग गर्ने अधिकारीले देहायका विवरण खोली अर्थ मन्त्रालय मार्फत माग गर्नु पर्नेछ :-

(क) आकस्मिक कामको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

---

* पहिलो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कामपछि सार्न नसकिने कारण,

(घ) तुरून्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कतिअवधिसम्मको लागिखर्च चाहिने हो त्यसको संभाव्यता,

(च) आकस्मिक कोषको रकमखर्च गर्ने अधिकृत र निजको कार्यालय ।

(२) उपनियम (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा अर्थ मन्त्रालयले नियम ३ को उपनियम (१) बमोजिम*नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गरी निकासा भएबमोजिम आकस्मिक कोषबाट पेश्कीको रूपमा रकम दिइनेछ र यसरी रकम दिएपछि अर्थ मन्त्रालयले त्यसको सूचना महालेखा परीक्षकको विभाग र महालेखा नियन्त्रक कार्यालयमा दिनु पर्नेछ ।

५. आकस्मिक काम पूरा भएको सूचना गर्ने :आकस्मिक काम समाप्त भएपछि वा सो काम गर्न संभावना छैन भन्ने एकीन गरेपछि सो कुराको सूचना पेश्की माग गर्ने अधिकारीले अर्थ मन्त्रालय, महालेखा परीक्षकको विभाग र महालेखा नियन्त्रक कार्यालयमा तुरून्त दिनु पर्नेछ ।

६. खर्च नभएको रकम सर्व सञ्चित कोषमा दाखिल गर्ने :आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सब खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक काम समाप्त भएको वा सो काम गर्न संभावना छैन भन्ने यकीन गरेको मितिले ३५ दिनभित्र त्यस्तो बाँकी रहेको रकम सर्वत्र सञ्चितकोषमा दाखिल गर्नु पर्नेछ । यसरी रकम सर्व सञ्चितकोषमा दाखिल गरेपछि उक्त अधिकारीले त्यसको सूचना अर्थ मन्त्रालय, महालेखा परीक्षकको विभाग र महालेखानियन्त्रक कार्यालयमा दिनु पर्नेछ ।

७. आकस्मिक कोषको सोध भर्ना :आकस्मिक कोषबाट खर्च भएको रकम*नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९८ बमोजिम यथाशीघ्र सोध भर्ना गरिनेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित ।

द्रष्टव्य :-

(१) सरकारी रकमअसूल फछ्र्यौट (पहिलो संशोधन) ऐन, २०३३ द्वारा रुपान्तर भएका शब्दहरु:"महालेखापालकार्यालय" को सट्टा "महालेखानियन्त्रक कार्यालय"।

(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु: "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

# अनुसूची

(नियम ३ (२) सँग सम्बन्धित)

## आकस्मिककोषको स्रेस्ता

आकस्मिककोषको रकम रु. .................. अक्षेरेपी ........................

| सि.नं. | आकस्मिक कामको विवरण | विनियोजनकोनाम र संख्या | पेश्कीमाग गरेको रकम | पेश्कीदिइएको रकम | थप पेश्कीमागिएको रकम | थप पेश्कीदिएको रकम | जम्मा पेश्की रकम | आकस्मिक काम पुरा भएको मिति | आकस्मिककाम पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थपखर्च | पेश्की सोध भर्ना रकम | पेश्कीमागगर्ने अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | | | | | | | | | | | | |

अर्थ सचिववानिजले तोकको

अधिकृतको दस्तखत .......

मिति ........................

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय